# नेपाल परिवार नियोजन संघ
## मनोनयन तथा सुशासन समिति

## केन्द्रीय कोषाध्यक्ष उम्मेदवारको लागि ToR

### १. पृष्ठभूमि

१.१ नेपाल परिवार नियोजन संघ गैरनाफामुखी तथा स्वयंसेवी संस्थाको रुपमा परिवार नियोजन र यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको क्षेत्रमा ६५ वर्षदेखि नेतृत्व गर्दै नेपाली जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउन अनवरत रूपमा अग्रणी भूमिका निर्वाह गरिरहेको छ। संघ अन्तर्राष्ट्रिय परिवार नियोजन महासंघ (आई.पी.पी.एफ.) को सदस्य संस्था हो । जसले बिना भेदभाव सबैलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धमा शिक्षा, सूचना र सेवा प्रदान गर्दै उनीहरुलाई स्वैच्छिककरूपमा सुसूचित निर्णय गर्न ससक्त बनाउन उल्लेख्य भूमिका निर्वाह गर्दै आएको छ। हाल संघका २८ वटा जिल्ला शाखा कार्यालयहरुमा करीब ११,००० स्वयंमसेवक सदस्य (आजीवन तथा साधारण सदस्य) आवद्ध छन् र संघले ६ वर्षे रणनीति "Come Together Strategy, 2023-2028" बमोजिम आफ्नो कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ ।

१.२ सबै नेपाली नागरिकमा यौनिक तथा प्रजनन स्वास्थ्य लगायतको अधिकारलाई अनुभूति गराउन, प्रत्येक व्यक्ति तथा दम्पत्तिले आफ्नो परिवारको आकार छनौट गर्नसक्ने अधिकारको रक्षा गर्दै सुरक्षित मातृत्व तथा शिशु स्वास्थ्य सेवालगायत यौन तथा प्रजनन स्वास्थ्य सूचना, शिक्षा तथा सेवा प्रदान गर्दै स्वस्थ्य, प्रजनन स्वास्थ्य र यौनिक अधिकारका विषयमा एकिकृत सामुदायिक विकास कार्यक्रम लागु गर्न स्वयंमसेवी माध्यमबाट देश र नागरिकको  सेवा गर्नु यस संघको मूल उद्देश्य हुनेछ ।

१.३ नेपाल परिवार नियोजन संघको २४औं संशोधित विधानमा केन्द्रीय समिति र गठन विधि सम्बन्धी व्यवस्था अनुसार संघले यो संशोधित विधान अनुसार पहिलो पटक निर्वाचन गर्न लागेको हुंदा संघको विधानको धारा २३(८) बमोजिम केन्द्रीय समितिको निर्वाचन प्रयोजनको लागि उम्मेदवार माग आवेदन गर्नुपर्ने र धारा २३(९) बमोजिम योग्यताको आधारमा उम्मेदवार छनोट गर्ने र धारा २३(१०) बमोजिम निर्वाचनको लागि योग्य उम्मेदवारको नामावली केन्द्रीय समितिमा पेश गर्नुपर्ने जिम्मेवारी मनोनयन तया सुशासन समितिको भएको हुंदा निर्वाचन प्रयोजनको लागि उम्मेदवारी छनोटको आधार तय गर्न यो ToR तयार पारिएको छ ।

१.४ मनोनयन तथा सुशासन समितिले योग्य ठहराई  सिफारिस गरेका स्वयमसेवक ७ (सात) र बिशेषज्ञ ४ (चार) गरी जम्मा ११ (एघार) जनाको केन्द्रीय समितिको निर्वाचन ३ (तीन) वर्षको लागि गर्ने छ। जसमा अध्यक्ष र कोषाध्यक्ष सहित कम्तीमा पचास प्रतिशत महिला र बीस प्रतिशत युवा हुनेछन्। केन्द्रीय समितिमा निर्वाचित भएसंगै समितिको अध्यक्ष र कोषाध्यक्ष वाहेक अन्य ९ (नौ) जना सदस्यको पदावधि कायम गर्दा दोस्रो वर्षको सुरुमा चारजना र तेस्रो वर्षको सुरुमा पाँच जना सदस्यको पदावधि गोला प्रथा द्वारा कायम गरिने छ ।

१.५ केन्द्रीय समिति सदस्यहरु स्वयंसेवीको (Unpaid Volunteer) रुपमा काम गर्नेछ ।

## २. केन्द्रीय समितिको कोषाध्यक्षमा निम्न प्रकारको योग्यता (गुण तथा बिशेषता) हुनुपर्नेछ :

२.१ नेपाल परिवार नियोजन संघ बारे जानकारी भएको तथा यसका उद्देश्य र ध्येय प्रति कटिबद्ध भएको ।

२.२ आर्थिक व्यवस्थापन सम्बन्धी बिज्ञता, अनुभव र योग्य भई परियोजना बिश्लेषण गर्ने आवश्यक सीप र परियोजनाको आर्थिक प्रभावको बिश्लेषण गर्नसक्ने क्षमता भएको ।

२.३ केन्द्रीय समिति, अडिट कमिटि, अन्य समितिहरु र अन्य आर्थिक उत्तरदायित्व बहन गर्ने बिषयमा र कार्यकारी निर्देशकलाई पर्याप्त समय दिन कटिवद्ध भएको ।

२.४ केन्द्रीय समिति, अडिट कमिटि, अन्य समितिहरु र केन्द्रीय कार्यालयका सबै तहको कर्मचारीहरुसंग सहजपूर्वक सम्पर्कमा रहन सक्ने क्षमता भएको ।

२.५ कार्यकारी निर्देशक र अर्थ निर्देशकसंग सौहार्दपूर्ण सम्बन्ध कायम गर्नसक्ने क्षमता भई एक अर्काको पदलाई सम्मान गर्नसक्ने हुने ।

२.६ स्वयम्सेवक क्षेत्रको आर्थिक र प्रचलित स्वीकारयोग्य व्यवहारको अनुभव भएको ।

२.७ केन्द्रीय समिति, अडिट कमिटि, अन्य समितिहरुलाई अप्रिय सिफारिस दिन तयार हुनसक्ने ।

२.८ कर्मचारहिरुको जिज्ञासा सुन्न तयार र सरसल्लाह दिन ईच्छुक भएको ।

## ३. जिम्मेवारी

३.१ नेपाल परिवार नियोजन संघको आर्थिक योजना निर्णय गर्न सहज हुने प्रकारले उचित आर्थिक नीतिको खाका स्थापना गर्न सुनिश्चित गर्ने ।

३.२ संघको आर्थिक योजना र वार्षिक कार्यक्रम तथा बजेट प्रस्तावमा राखिने मुख्य-मुख्य पूर्वानुमानहरुको जानकारीको सम्बन्धमा क्षमता अभिबृद्धि गर्ने ।

३.३ बाह्य तथा आन्तरिक रुपमा उत्पन्न हुनसक्ने प्रमुख आर्थिक बिषयहरुको बारे केन्द्रीय समितिलाई सल्लाह दिने ।

३.४ नयां केन्द्रीय समितिलाई सबै सम्बन्धित दस्ताबेजहरु उपलव्ध गराई आर्थिक जिम्मेवारी बारे अभिमूखिकरण गर्ने ।

३.५ आवश्यकता अनुसार व्यवस्थापनलाई आर्थिक ज्ञान र बिज्ञता प्रदान गर्ने ।

३.६ संघको बित्तिय आन्तरिक र वाह्य प्रणाली तथा प्रकृयाहरुको बारे जानकारी राख्न मद्दत पुर्‍याई संघको आर्थिक सुशासन अन्तर्राष्ट्रिय क्षेत्रमा कायम राख्न सुनिश्चित गर्ने ।

३.७ कार्यकारी निर्देशक र अर्थ निर्देशकलाई सहयोग र सल्लाह दिने ।

३.८ केन्द्रीय सभा वा समितिको बैठकमा आर्थिक प्रतिबेदन, लेखापरीक्षकको प्रतिबेदन र आगामी आर्थिक बर्षका लागि अनुमानित आय व्ययको बिबरण पेश गर्ने ।

३.९ आवश्यकता अनुसार आन्तरिक र वाह्य लेखा परिक्षकसँग सम्पर्क, सम्बाद तथा समन्वय गर्ने ।

३.१० संघको अडिट कमिटि सदस्यको रुपमा काम गर्ने ।

३.११ संघको दातृ निकायसंगको बैठकमा भाग लिने ।

३.१२ सभा वा समितिका निर्णयानुसार कार्य गर्ने ।

३.१३ अध्यक्षको निर्देशानुसार अन्य कार्य गर्ने ।

## ४. सम्बन्ध

४.१ आर्थिक तथा सम्बन्धित समस्याहरुको समाधान गर्न कार्यकारी निर्देशक र अर्थ निर्देशकसँग परामर्श गर्ने र सहकार्य गर्ने । यसको लागि पारदर्शिता, विश्वास र सहयोगको आवश्यकता पर्दछ।

४.२ आर्थिक मामलामा केन्द्रीय अध्यक्ष, अडिट कमिटि र अन्य समिहिरुलाई परामर्श दिने र सहकार्य गर्ने ।

## ५. योग्यता (Eligibility)

कोषाध्यक्ष पदको लागि उम्मेदवार बन्न चाहने व्यक्ति संघको सदस्य भएको हुनु पर्नेछ र मनोनयन तथा सुशासन समितिले योग्य ठहराई सिफरिश गरेको समेत हुनुपर्ने छ। केन्द्रीय समितिको कोषाध्यक्षको पदको लागि मनोनयन तथा सुशासन समितिले माथि उल्लेखित तोकिएको योग्यताको आधारमा एक वा एकभन्दा बढी उम्मेदवार योग्य ठहर्याई केन्द्रीय समितिको निर्वाचनको लागि उम्मेदवारीको नामावली केन्द्रीय समितिमा सिफारिस गरिनेछ। आवेदन दिने तरिकामा तोकिएको कागजातहरु अनिवार्य रुपले पेश गर्नुपर्नेछ।

## ६. उम्मेदवारी र निर्वाचन प्रक्रिया

६.१ एक व्यक्तिले एक पदका लागि मात्र उम्मेदवारी दिन पाउनेछ ।

६.२ नेपाल परिवार नियोजन संघको विधान तथा Byelaws अनुसार केन्द्रीय समितिको कोषाध्यक्षको निर्वाचन हुनेछ ।

६.३ कोषाध्यक्ष पदको लागि छनोट गर्ने उम्मेदवारहरुको मनोनयन तथा सुशासन समितिले संघको विधान तथा निर्वाचन निर्देशिकाले तय गरेका उम्मेदवारहरु मात्र बैधानिक हुनेछन् ।

## ७. द्रुत प्रतिकार्य टोली (Rapid Response Team)

कुनै आकस्मिक बिषय समाधान गर्न परेमा केन्द्रीय अध्यक्ष, कोषाध्यक्ष र कार्यकारी निर्देशकको एक द्रूत प्रतिकार्य टोली गठन गर्न सक्नेछ, जसको पछि अनुमोदन हुनेछ ।

## ८. आवेदन दिने तरिका

ईच्छुक व्यक्तिहरुले Terms of Reference (ToR) मा उल्लेखित योग्यता अनुसार देहाय बमोजिम कागजात सहित fpanngc@fpan.org.np ईमेल मार्फत वा संघको केन्द्रीय कार्यालयमा मिति २०८१ साल कार्तिक १४ गते, सांझ ४:०० बजे भित्र निवेदन पेश गर्नु हुन अनुरोध गर्दछौं । ToR, आवेदन दरखास्त फारम, संघको विधान, निर्वाचन निर्देशिका संघको वेबसाइट www.fpan.org मार्फत Download गर्न वा संघको केन्द्रीय कार्यालय वा शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

पेश गर्नुपर्ने अनिवार्य कागजातहरु :

- उम्मेदवारीको लागि तोकिएको दरखास्त फारम,
- आफ्नो बैयक्तिक बिवरण (CV),
- आवश्यक अनुभव र दक्षता भएकाहरुले प्रमाणपत्रको प्रतिलिपी,
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी

उम्मेदवारी सम्बन्धी थप अन्य बिस्तृत जानकारीको लागि नेपाल परिवार नियोजन संघ, केन्द्रीय कार्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

नेपाल परिवार नियोजन संघ
केन्द्रीय कार्यालय
हरिहरभवन, पुल्चोक, ललितपुर
फोन नं. ५०१०२४० र ५०१०२७०